# देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक

गाउँ देवघाट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

बैठक मितिः२०८१।०८।२६ गते बुधबार        बैठक समयः दिनको ११:३० बजे

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

बैठक संख्याः ०५-२०८१/०८२        स्थानः गाउँ कार्यपालिकाको कार्यालय

उपस्थितिः

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तिल बहादुर थापा | गा.पा.अध्यक्ष | | |
| २ | श्री भुवन सिं गुरुङ | गा.पा.उपाध्यक्ष | | |
| ३ | श्री मनि राज गुरुङ | १ नं. वडाअध्यक्ष | | |
| ४ | श्री मीन बहादुर राना मगर | २ नं. वडाअध्यक्ष | | |
| ५ | श्री टेक बहादुर आले | ३ नं. वडाअध्यक्ष | | |
| ६ | श्री मित्र लाल गुरुङ | ४ नं. वडाअध्यक्ष | | |
| ७ | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाअध्यक्ष | | |
| ८ | श्री बाल कुमारी परियार | कार्यपालिका सदस्य | बाल | |
| ९ | श्री हुम माया खान | कार्यपालिका सदस्य | हुम | |
| १० | श्री यम माया गुरुङ | कार्यपालिका सदस्य | | |
| ११ | श्री मन माया वि.क. | कार्यपालिका सदस्य | मन माया | |
| १२ | श्री गंगा सिं वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री बाबुराम परियार | कार्यपालिका सदस्य | | |
| १४ | दिनेश सारु | सदस्य सचिव | | |
| | | अन्य उपस्थिति | | |
| १ | [illegible] | ल.अ. | | |
| २. | गोविन्द प्र पौडेल | अधिकृत | | |
| ३. | जीवन गुरुङ, | अधिकृत | | |
| ४. | रिम ब गुरुङ, | का.प. | | |

**प्रस्तावहरुः**

प्रस्ताव नं.१ : समीक्षा सम्बन्धमा।

प्रस्ताव नं.२ : राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धमा।

प्रस्ताव नं.३: अन्य विविध।

**निर्णयहरु:**

निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयन प्रकृयामा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत रहि जिल्ला प्रशासन कार्यलयबाट प्राप्त हुन आएका राष्ट्रिय परिचयपत्रहरु वितरण कार्यका लागि आवश्यक सम्पूर्ण तयारी पूरा गरि वितरण गर्ने सर्वसम्मत निर्णयहरु गरियो।

निर्णय नं.३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

क. देवघाट गाउँपालिका वडा नं .०४ खोडमोरिया टोल अन्तर्गत पर्ने मोहोरिया बस्ती पहिरोको उच्च जोखिममा रहेको कारण सिंगो बस्ती तथा सडकमा उच्च क्षतिको सम्भावना रहेकोले उक्त मानव बस्तीको संरक्षण गर्ने प्रयोजनार्थ प्राविधिक लागत अनुमान अनुरुपको रकम उपलब्धताको लागि सम्बन्धित निकायमा सिफारिस गरि दिनु हुन जिल्ला प्रशासन कार्यालय,जिल्ला विपद व्यवस्थापन समितिमा लेखि पठाउने सर्वसम्मत निर्णय गरियो।

ख. विद्युतिय खरिद प्रणाली सञ्चालन निर्देशिका,२०८०को दफा ५(१) बमोजिम खुला रुपमा बोलपत्र वा पूर्वयोग्यता वा परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा विद्युतिय खरिद प्रणाली मार्फत मात्र गर्नु पर्ने प्रवाधान रहे बमोजिम यस देवघाट गाउँपालिकाको चालू आ .व. २०८१।०८२ को स्विकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत सिलबन्दी दरभाउ पत्र माग गरि कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरुको हकमा विद्युतिय खरिद प्रणाली अवलम्बन नगर्ने गरि सिलबन्दी दरभाउ पत्र माग गरि खरिद प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

ग. यस देवघाट गाउँपालिका वडा नं ५ स्थित देउपुर टोल विकास संस्थाले मौलिक कौराहा नाच प्रतियोगिता गरि स्थानिय मौलिक संस्कृतिको जर्गेना गर्ने गरि कार्यक्रम गर्न गाउँपालिका समक्ष आर्थिक सहायता माग गरेकोमा *धार्मिक तथा पर्या पर्यटन प्रर्बर्द्धन भेला तथा मेला कार्यक्रमका लागि सहयोग* शिर्षकबाट रु. २,००,०००। अक्षेरुपी दुई लाख रुपैयाँ मात्र उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

घ. यस देवघाट गाउँपालकाद्धारा कार्यान्वयन गर्ने योजनाहरुको प्रभावकारिता तथा गुणस्तरियता कायम गर्न रु.पाँच लाख भन्दा बढी रकमको ढलान लगायतको कार्यको ल्याब परिक्षण गरि गुणस्तरियता सुनिश्चितता गर्ने गरि योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

ङ. यस गाउँपालिकाको ***घिनाटार देवघाट देवपुर सडक स्तरोन्नती कार्य*** आयोजना (ठेक्का नं. NCB/DRM/ROAD/CN1/2079/080) को कार्य सम्पन्न गर्ने पछिल्लो अवधि मिति २०८१।०८।३० सम्ममा पूर्ण रुपमा कार्य सम्पन्न हुन कठिनाई हुने अवस्था भएकोले उक्त आयोजनाको खरिद सम्झौताको अवधि मिति २०८१ फागुन मसान्त सम्ममा सम्पन्न गर्ने गरि म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

च. देवघाट गाउँपालिका प्रशासकीय भवन निर्माण योजना ठेक्का नं NCB/DRM/BLDG/15/2076/077 को लागि निर्माण व्यवसायी श्री रविना/अविसा जे भी कोटेश्वर-३२ काठमाण्डौ सँग भएको सम्झौता बमोजिम ठेक्का म्याद २०८१ कार्तिक मसान्त सम्म थप गरि म्याद कायम गरिएकोमा विविध कारणवश छुटफुट कार्य सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएकोले उक्त खरिद सम्झौताको म्याद २०८१ फागुन मसान्त सम्म थप गरि निरन्तरता तथा सम्पन्न गर्ने निर्णय गरियो।

छ. यस देवघाट गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गतका भुवनटार,सेतीभतेरी,बगई,चाँपखोला र क्वादीखोला घाटहरुबांट नदिजन्य पदार्थ ढुंगा,गिट्टी बालुवा आदि उत्खनन,संकलन तथा बिक्री व्यवस्थापन गर्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय परिक्षण कार्य गर्नको लागि कार्यक्षेत्र गत शर्त (TOR) तयार गरिएकोमा सो स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

दिनेश सारू
प्रमुख प्रशासकीय अधिकृत

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३